नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

शैक्षिक योजना तथा विकास महाशाखा
शिक्षक व्यवस्थापन समन्वय शाखा
सानोठिमी, भक्तपुर

प.सं. २०७८।०७९/शि.व्य.
चलानी नं ५३

फोन: ६६३५११३
Section email : teachermgt.cehrd@gmail.com

मिति: २०७८।०५।२९

विषय : दरबन्दी विवरण अद्यावधिक गरी पठाउने सम्बन्धमा ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ,

ताप्लेजुङ, इलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, तेह्रथुम, सोलुखुम्बु, काभ्रेपलाञ्चोक, ललितपुर, भक्तपुर, काठमाडौं, रसुवा, चितवन, गोरखा, लमजुङ, तनहुँ, स्याङ्जा, मनाङ, मुस्ताङ, म्याग्दी, पर्वत, बाग्लुङ, गुल्मी, पाल्पा, अर्घाखाँची र डोल्पा ।

प्रस्तुत विषयमा शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार सामुदायिक विद्यालयका शिक्षकहरुको दरबन्दी मिलान तथा व्यवस्थापनको कार्य हुदै गरेको छ । सोही सन्दर्भमा माथि उल्लेखित जिल्लाहरुको खुद पुल दरबन्दी रहेको स्थानीय तहहरुबाट हाल सम्म ११०० भन्दा बढी दरबन्दी तथा राहत कट्टा गरी अर्को आवश्यक जिल्ला भित्रका स्थानीय तहहरुमा स्थानान्तरण गरि सकिएको र बाँकी खुद पुलमा रहेको दरबन्दी स्थानान्तरण गर्ने प्रयोजनको लागि देहाय अनुसारको विवरण यथाशिघ्र यस केन्द्रमा पठाइदिनु हुन निर्देशानुसार अनुरोध छ ।

बसन्तप्रसाद कोइराला
निर्देशक

तपसिलः

१) ताहाँ जिल्ला अन्तर्गतको खुद पुल दरबन्दी रहेका स्थानीय तहहरुमा हाल सम्म कट्टा गरी बाँकी रहेको रिक्त खुद पुलमा दरबन्दी तथा राहतको विवरण ।

२) खुद पुल दरबन्दी रहेको तहका स्थानीय तहहरुबाट दरबन्दी थप हुने (जस्तै : तेह्रथुमबाट उदयपुर, काठमाण्डौ, भक्तपुर र ललितपुरबाट सिन्धुली, नुवाकोट, धादिङ, दोलखा तथा मकवानपुर, लम्जुङ, तनहुँ, स्याङ्जा, मनाङ, मुस्ताङ र पर्वतबाट नवलपरासीपूर्व र वाग्लुङ, डोल्पाबाट जाजरकोट आदि) स्थानीय तह (सोही जिल्ला वा तोकिएको अन्य जिल्ला) मा स्वेच्छिक रुपमा दरबन्दी सहित सरुवा भई जान चाहने शिक्षकहरु सँग निवेदन माग गरी शिक्षा विकास तथा समन्वय इकाइको सिफारिस सहित पठाउनु हुन ।

३) खुद पुल दरबन्दी भएको स्थानीय तहको खुद पुल दरबन्दीमा अस्थायी वा करारमा नियुक्ति लिइ कार्यरत शिक्षकहरुको नाम थर, कार्यरत विद्यालय, स्थानीय तह, नियुक्ति मितिको कनिष्ठता खुल्ने गरी नियुक्ति मिति सहित निजलाई पायक पर्ने केन्द्रले तोके अनुसारको दरबन्दी थप हुने जिल्ला अर्न्तगतका प्रस्तावित स्थानीय तहको विवरण ।

४) खुद पुल दरबन्दी रहेको स्थानीय तहको खुद पुल रहेको तहमा राहत अनुदानमा कार्यरत शिक्षकहरुको नामथर, कार्यरत विद्यालय, स्थानीय तह, कनिष्ठताको क्रम खुल्ने नियुक्ति मिति तथा निजलाई पायक पर्ने केन्द्रले तोके अनुसार दरबन्दी थप हुने स्थानीय तहको प्रस्तावित विवरण ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

शैक्षिक योजना तथा विकास महाशाखा
शिक्षक व्यवस्थापन समन्वय शाखा
सानोठिमी, भक्तपुर

प.सं. २०७८।०७९/शि.व्य.
चलानी नं

फोन: ६६३५११३
Section email : teachermgt.cehrd@gmail.com

५) बुदाँ (१) अनुसारको रिक्त दरबन्दीको विवरण पठाए पछि सबै खुद पुल दरबन्दी कट्टा हुने स्थानीय तहले बुदाँ (१) अनुसार कै रिक्त पद पठाए पुग्नेछ, सो अनुसार विवरण पठाउँ

दा समेत खुद पुल दरबन्दी बाँकी हुने भए बुदाँ (२) अनुसारको विवरण समेत पठाउनु पर्नेछ, बुदाँ (२) अनुसारको विवरण समेत पठाउँदा पनि खुद पुल दरबन्दी बाँकी हुने भए बुदाँ (१),(२),(३) र (४) अनुसारको विवरण दरबन्दी सहित स्थानान्तरण गर्ने प्रयोजनको लागि यस केन्द्रमा पठाउनु पर्नेछ ।

६) शिक्षक दरबन्दी मिलानको कार्य यहि कार्तिक मसान्त सम्म सम्पन्न गर्ने योजना भएकोले बुदाँ (५) अनुसारको विवरण पठाएर पनि खुद पुल दरबन्दी बाँकी हुने स्थानीय तहहरुको हकमा शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ८ मा उल्लेखित २०७२ साल असोज ३ यता जिल्लान्तर सरुवा भइ आएका स्थायी शिक्षक तथा बाँकी स्थायी शिक्षकहरुको अलग अलग नामनामेसी, कार्यरत विद्यालय, स्थानीय तह तथा कनिष्ठताको सूची समेत तयार गरी अद्यावधिक वनाइ राख्न स्थानीय तहहरुलाई ताहाँबाटै जानकारी गराउनु हुन ।

बोधार्थ :

श्री स्थानीय तह (खुद पुल दरबन्दी भएका सबै) : माथि उल्लेख भए अनुसारको विवरण तयार गरी शिक्षा विकास तथा समन्वय इकाइलाई उपलब्ध गराइ सहयोग गरिदिनु हुन ।